नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक १८ २०८० साल साउन २२ गते सोमबार (7 Aug. 2023 Monday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***




*यस अंक भित्र :* २ पृष्ठमा : बेरोजगारी अन्त्य गर्न यस्ता छन्. ३ पृष्ठमा : एसपिपिसम्बन्धी कुनै निर्णय ... ३ पृष्ठमापाकिस्तानी प्रमभन्दा उनका...

# हटाइयो सिरहा रोडको अतिक्रमित संरचना

## अब कंचनपुर रोड, हटिया प्रवेश गर्ने भित्री सडक तथा कारागारको अतिक्रमण हटाउने तैयारी



**दैनिक समाचारदाता**
**राजविराज, २१ साउन ।**

राजविराजको हटियास्थित अतिक्रमित जग्गा खाली गराउन सफल राजविराज नगरपालिकाले आईतवारदेखि राजविराजको सिरहा रोडको अतिक्रमण डोजर लगाएर हटाउन सुरु गरेको छ ।

हुलाकी राजमार्गलाई व्यवस्थित र फराकिलो बनाउन नगरपालिकाले सुरक्षा निकायको सहयोगमा सिरहा रोडको दायाँ बायाँ ९/९ मिटर भित्र बनाइएका भौतिक संरचना डोजर लगाएर भत्काउन शूरु गरेको हो ।

पटक/पटक मौखिक र लिखित सूचना मार्फत हुलाकी मार्ग योजना अन्तर्गत परेको उक्त सडकको दायाँ बायाँ ९/९ मिटर भित्र बनाइएका संरचना हटाउन आग्रह गर्दा पनि वेवास्ता गरेकाले डोजर प्रयोग गर्नु परेको नगरपालिका कार्यवाहक नगर प्रमुख इसरत परवीनको भनाई छ ।

पछिल्लो पटक ७ दिने म्याद दिदा समेत अतिक्रमण हटाउन अधिकांशले चासो नदेखाएको उनको भनाई छ । विहान ८ बजेतिर कार्यवाहक नगर प्रमुख परविनका साथै प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापा, प्रहरी उपरिक्षक नरेन्द्र कुमार कार्की, डिएसपी नरेश कुमार सिह सहितको ठूलो संख्यामा सुरक्षाकर्मी र नगरपालिकाका कर्मचारी सिरहा रोड पुगेका थिए ।

डोजर लगाएर भत्काउन सूरु गरिएपछि स्थानीय केहीले अवरोधको प्रयास गरे पनि ठूलो संख्यामा परिचालित सुरक्षाकर्मीले उनीहरुलाई सम्झाई बुझाइ साम्य पारेका थिए ।

स्थानीय पंकज मल्लिकले सर्वोच्च अदालतले दुई दिन अघि मात्र सिरहा रोडमा तोडफोड गर्नू पर्ने सम्बन्धमा सम्बन्धित निकायको जवाफ मागेको दाबी गर्दै थिए । तर कार्यवाहक नगर प्रमुख परवीनले अदालतबाट नगरपालिकालाई त्यस्तो कुनै पत्र प्राप्त नभएको स्पष्ट पारिन् ।

अहिले हुलाकी सडक निर्माणका लागी राजविराजको वडा नं ६ र ७, कंचनपुर रोड, राजरंगशाला भएर सिरहा रोड छुने गरी नक्साकंन भएको छ । सोही अनुसार कामलाई गति प्रदान गर्न अवैध भौतिक संरचनामा डोजर चलाइएको कार्यवाहक नगर प्रमखु परवीनको भनाई छ । उनले हुलाकी मार्गको नक्साकंनमा परेको कंचनपुर रोडको दायाँ बायाँ समेत अतिक्रमित जग्गा खाली गराउने काम छिट्टैं सुरु गर्ने जानकारी पनि दिइन ।

विकास निर्माण कार्यमा कोही पनि बाधक बन्न नहुने जिकीर गर्दै उनले निकट भविष्य मै राजविराज हटिया प्रवेश गर्ने भित्री सडक तथा राजविराज कारागार क्षेत्र वरीपरीको अतिक्रमण खाली गराउने तैयारी भईरहेको जानकारी दिइन । हुलाकी मार्ग फराकिलो तथा हटिया बजार र कारागारलाई व्यवस्थित बनाउन उक्त कदम चालिएको उनको भनाई छ ।

# मिटरब्याजीको आरोप लगाउँदै प्रशासनले दु:ख दिन थाल्यो : भगत दम्पत्ति



**दैनिक समाचारदाता**
**राजविराज, २१ साउन ।**

सप्तरीको शम्भुनाथ नगरपालिका २ निवासी महेश कुमार भगत र उनका पत्नि मंजुले मिटरब्याजीको आरोप लगाई प्रशासनले फसाउन खोजेको आरोप लगाएका छन् ।

आइतबार पत्रकार सम्मेलनको आयोजना गरि ती दम्पत्तिले यस्तो आरोप लगाएका हुन् । पैसा पचाउने नियतले अहिले उल्टै हामी बिरुद्ध रुपनी गाउँपालिका ३ का गेनेलाल मोची र भाल्सेदेवी मोचीले जिल्ला प्रशासन कार्यालयमा उजुरी दिएर दु:ख दिने काम उनीहरुबाट भइरहेको बताए ।

उनीहरुले समस्या परेका बेला ऋण सापटी लिने र फिर्ता गर्ने बेला पचाउने नियतले उल्टै मिटरब्याजीको आरोपमा कानुनको दुरुपयोग गर्न थालेको आरोप पनि लगाए ।

पत्रकार सम्मेलनमा भगत दम्पत्तिले समस्या परेका बेला छिमेकी रुपनी गाउँपालिका ३ का गेनेलाल मोचीले ५ वर्षअघि ४ लाख ५ हजार र भाल्सेदेवी मोचीले ७५ हजार रुँपैया आफूहरुसँग ऋण सापटी लिएको बताउँदै अहिले आएर रकम मिनाहा नगरे मिटरब्याजीमा फसाई जेल पठाइदिने धम्की दिन थालेको सुनाए ।

आफ्नो कुनै कुरा नसुनी प्रहरीका जिम्मेवार अधिकारीले मोची र चौधरीकै पक्षमा बोल्ने गरेको र आफूलाई ठगि, विश्सावसघात तथा अभद्र व्यवहार मुद्दा चलाइने दिने भन्दै धम्क्याउन थालेको भगत दम्पत्तिले बताए ।

प्रहरी प्रशासनले पनि पीडित भन्दै उनीहरुकै कुरा मात्र सुनेर आफूलाई हथकडी लगाएर चार घण्टा हिरासतमा राखेर जबरजस्ती विभिन्न कागजातमा हस्ताक्षर र औठा छाप गर्न लगाएको महेशले गुनासो पोखे ।

उनले यती मात्र नभई २०७३ सालमा आफूले शम्भुनाथ नगरपालिका ४ की बलजितकुमारी चौधरीसँग ५४ हजारमा खरीद गरेको २ कठ्ा जग्गा पनि अहिले आएर धितोमा राखेको भन्दै उनी पनि जिल्ला प्रशासन कार्यालयमा मिटरब्याजी भन्दै आफू बिरुद्ध उजुरी दिई बार्गेनिङ गर्न थालेको गुनासो पोखे ।

अदालतमा प्रवेश पाइसकेको विषयको टुङ्गो नलाग्दै प्रहरी प्रशासनबाट बढ्दो दबाबले आफूहरु असुरक्षित भएको तथा न्याय र सुरक्षाका लागि सरोकारवालाको ध्यानाकर्षण गराउन संचारकर्मीमाझ आइपुगेको बताएका छन् ।

# प्रहरी चारित्रिक प्रमाणपत्र प्रमाणीकरण अब पूर्णरुपमा अनलाइनबाट

काठमाडौं, २१ साउन (रासस) ।

प्रहरी चारित्रिक प्रमाणपत्रलाई पूर्णरुपमा अनलाइन माध्यमबाट प्रमाणिकरण गर्ने कार्यको शुभारम्भ गरिएको छ । परराष्ट्रमन्त्री एनपी साउदले कन्सुलर सेवा विभागमा आइतबार आयोजित कार्यक्रममा सो सेवाको शुभारम्भ गर्नुभयो ।

सो सेवा सुरु भएपछि मोबाइल, कम्प्युटर वा ल्यापटपका माध्यमले अनलाइनबाटै प्रहरी चारित्रिक प्रमाणपत्रलाई प्रमाणिकरण गर्न सकिने भएको छ । अब त्यसै प्रयोजनका लागि विभागमा भौतिकरुपमा उपस्थित हुनुपर्ने बाध्यताको अन्त्य भएको छ । यसअघि सोही कामका लागि दैनिक करिब एक हजार ५०० जना विभाग पुग्ने गरेका थिए ।

सो अवसरमा मन्त्री साउदले यो सेवा सार्वजनिक सेवा प्रवाह प्रभावकारीरुपमा प्रदान गर्ने योजनामा कोशेढङ्गा सावित भएको बताउँदै मन्त्रालयका अन्य सेवालाई पनि नयाँ प्रविधिको सदुपयोग गरी अनलाइन माध्यमबाटै प्रदान गरिने जानकारी दिनुभयो ।

यसबाट जनताले खेप्नुपर्ने हैरानीको अन्त्य हुने र खर्चको समेत बचत हुने बताउँदै उहाँले दुर्गममा बसेर पनि राज्यले प्रदान गर्ने सेवा सहजै प्राप्त हुने उल्लेख गर्नुभयो । फरक प्रसङ्गमा उहाँले वर्तमान सरकार सदैव छिमेकी तथा मित्र राष्ट्रहरुसँग सुमधुर सम्बन्ध बनाउने र निरन्तरता दिन पक्षमा रहेको स्पष्ट पार्नुभयो ।

वर्तमान गठनपछि प्रधानमन्त्री दाहालको फलदायी भारत भ्रमण भएको उल्लेख गर्दै मन्त्री साउदले सो अवसरमा महत्वपूर्ण उपलब्धि हासिल भएको बताउनुभयो ।

उहाँले अन्तर्राष्ट्रियसम्बन्ध परस्पर राष्ट्रिय हित र स्वार्थका आधारमा अघि बढाउँदा नै मुलुक र जनतको हित हुने उल्लेख गर्दै विदेश नीतिका सम्बन्धमा सबै पार्टी र पक्षबीच सहमति हुनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

भू-क्षय न्यूनीकरणका उपाय अपनाऔं

- वस्तीको माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
- जमिन चिरा परेको छ भने त्यस्तो स्थानलाई टाढौं र सजगता अपनाऔं।
- भौगोलिक अवस्था विचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं।

भू-क्षयबाट बचौं र बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### बर्षा भएपछि थोरै भएपनि राहत

लगातार वर्षा नभएपनि थोरै वर्षापछि किसानलाई केही राहत भएको छ । रोपिएका धानमा पानीको अभाव सुख्न थालेपछि थोरै भएपनि वर्षाका कारण राहत पुगेको छ । अफ्ठ्यारो भइरहेको अवस्थामा अहिले वर्षात भएपछि किसानहरु हर्षित भएका छन् । सप्तरीमा सिंचाईको उचित व्यवस्था हुन नसकेका कारण यहाँका किसानहरु चिन्तित बनेको बेला यस पटक वर्षा चाहिने भन्दा कम भएको छ । साउनको अन्तिम साता चलिरहेको अवस्थामा थोरै भएपनि बर्षाले गर्दा अहिले यहाँका किसानहरु आ-आफ्नो खेतमा रोपिएका धानलाई गोडमेल तथा पानी रोक्न कम्मर कसेर लागिपरेका छन् ।

यस वर्ष सप्तरीमा रोपाईको समयमा खेतलाई चाहिने उचित पानी रहेकोले किसानहरुलाई राहत महशुस भएको छ । सरकारी उदासिनताका कारण बर्षेनी यहाँका किसानहरुले खेतिपातीको मौसममा मल, खाद, बिउ बिजन लगायतका समस्याहरु खेप्नु परेको छ । अहिले पानीको अभावमा रोपिएका धानहरु सुख्न थालेपछि सुखा क्षेत्र घोषणा गर्नुपर्ने आवाज उठिरहेको छ । यस्ता अवस्थालाई मध्यनजर गर्दै सरकारले समयमै उचित कदम उठाउनु पर्ने आवश्यकता रहेको छ ।

तसर्थ, नेपाल कृषि प्रधान देश भएकोले यहाँका किसानहरुका लागि समयमै मल, खाद, बिउ बिजन लगायतका आवश्यक सामग्रीहरु समयमै सरकार तथा सम्बन्धित निकायले उपलब्ध गराउँनुपर्ने आवश्यक रहेको छ ।

# एमसिसी भदौदेखि कार्यान्वयनको तयारी, करिब नौ अर्ब लागत बढ्ने अनुमान

काठमाडौँ, २१ साउन (रासस) ।

नेपाल सरकार अर्थ मन्त्रालय र अमेरिकी सरकारअन्तर्गतको मिलेनियम च्यालेञ्ज कर्पोरेसन (एमसीसी) बीच छ वर्षअघि भएको मिलेनियम च्यालेन्ज सम्झौता (कम्प्याक्ट) पूर्णरुपमा लागू हुने अवस्था (इन्ट्रि इनटु फोर्स- ईआइएफ)को चरणमा पुगेको छ । आगामी भदौमा ईआइएफ मिति घोषणा गर्न लागिएको मिलेनियम च्यालेन्ज एकाउन्ट नेपाल विकास समिति (एमसीए-नेपाल) ले जनाएको छ ।

अमेरिकी अनुदानसम्बन्धी यो सम्झौतामा हस्ताक्षर भएदेखि लागू हुने अवस्थासम्म आइपुग्न छ वर्ष लाग्यो । यसबीचमा १२ बुँदे व्याख्यात्मक घोषणासहित एमसिसी कम्प्याक्ट संसद्बाट अनुमोदन भइसकेको छ । ईआइएफअघि पूरा गर्नुपर्ने भनिएका छ वटा पूर्वसर्तमध्ये जग्गा प्राप्ति बाहेकका पाँचवटा शर्त पूरा भइसकेका छन् ।

तर यसबीच एमसीए-नेपालअन्तर्गत हुने खर्चमा नेपाल सरकारले बेहोर्नुपर्ने दायित्वको अंश भने बढेको छ । सुरुआती सम्झौतामा एमसिसी परियोजनाका लागि कूल ६३ करोड अमेरिकी डलर बराबर लागत अनुमान गरिएको थियो । जसमध्ये ५० करोड अमेरिकी डलर एमसिसी अनुदान र १३ करोड अमेरिकी डलर नेपाल सरकारले बेहोर्ने कम्प्याक्टमा उल्लेख छ ।

तर गत जेठमा भएको एक 'पूरक सम्झौता'पछि नेपाल सरकारले बेहोर्ने दायित्व छ करोड ७० लाख अमेरिकी डलर थप भइ १९ करोड ७० लाख अमेरिकी डलर पुग्ने देखिएको छ । समग्र परियोजनामा हुने खर्चको अनुमानसमेत ६३ करोड अमेरिकी डलरबाट बढेर ६९ करोड ७० लाख अमेरिकी डलर पुगेको छ । एमसीए-नेपालअन्तर्गत हुने कूल खर्चमा नेपाल सरकारले बेहोर्नुपर्ने दायित्वको अनुपात यसअघि २० दशमलव ६३ प्रतिशत रहेकोमा अब बढेर २८ दशमलव २६ प्रतिशत पुगेको छ । परियोजनामा नेपालले बेहोर्नुपर्ने गरी पछिल्लो पटक थपिएको दायित्व करिब रू नौ अर्ब बराबर हो ।

एमसीए-नेपालअन्तर्गतका परियोजना कार्यान्वयनमा अहिले देखिएको अर्को महत्वपूर्ण विषय हो, 'पूर्वशर्त पूरा नगरिकनै इआईएफ मिति घोषणाको तयारी ।'

परियोजना लागू गर्नका लागि पूरा हुनुपर्ने शर्तमध्ये एउटा शर्त अझै अपूर्ण छ । प्रसारणलाइन र सडक विस्तार आयोजनाका लागि आवश्यक जग्गाको मुआब्जा वितरण तथा प्राप्ति, वन क्षेत्रभित्रको जग्गा प्रयोग अधिकार सुनिश्चितता र परियोजना बन्ने क्षेत्रसम्मको पहुँचको पूर्वशर्त पूरा हुनसकेको छैन ।

तर, उल्लेखित यी विषय पूरा हुने आधार देखिएको भन्दै एमसीए-नेपालले ईआइएफ तोक्ने तयारी थालेको हो । ईआइएफ घोषणापछि पाँच वर्षभित्रमा यो परियोजनाको काम सम्पन्न गरिसक्नुपर्ने कम्प्याक्टको अर्को सर्त हो । जसकारण जग्गा प्राप्ति नसकिकनै एमसिसी कार्यान्वयनको मिति गणना थाल्दा आगामी दिनमा कुनै समस्या देखिएर तोकिएको समयभित्रै सम्पन्न हुनेमा शङ्का गर्नसक्ने ठाउँ छ ।

समग्रमा यो समाचार आलेख कम्प्याक्टमा अनुमान गरिएको भन्दा अहिले लागत कसरी बढ्न गयो ? र, पूर्वशर्त पूरा नगरीकनै इआईएफको चरणमा जानुका पछाडिका आधार के हुन् ? भन्ने यिनै दुई मुख्य प्रश्नमा केन्द्रित छ ।

**कसरी थपियो सरकारलाई नौ अर्ब दायित्व ?**

अर्थ मन्त्रालयको प्रस्तावमा गत जेठ ९ गतेको मन्त्रिपरिषद् बैठकले 'नेपाल र एमसिसीबीच सम्पन्न सम्झौता संशोधन गरी नेपाल सरकारको योगदान वृद्धि गर्न स्वीकृति दिने' निर्णय गरेको थियो । मन्त्रिपरिषद्को उक्त निर्णयका आधारमा जेठ १६ गते नेपाल विद्युत् प्राधिकरण र एमसीए-नेपालबीच आयोजना सहायतासम्बन्धी सम्झौता भएको देखिन्छ ।

उक्त सम्झौताको दुई दिनअघि जेठ १४ गते एमसीए-नेपालले एक विज्ञप्तिमार्फत् 'नेपाल सरकारले नेपाल विद्युत् प्राधिकरणको अनुरोधअनुरुप एमसिसी कम्प्याक्टको विद्युत् प्रसारण आयोजनामा थप कार्य समावेश गर्ने निर्णय गरेको' व्यहोरा सार्वजनिक गर्‍यो । यो कामका लागि आवश्यक पर्नसक्ने छ करोड ७० लाख अमेरिकी डलर बराबरको अनुमानित थप बजेट कम्प्याक्टको मूल बजेटबाटै खर्च गरिने र उक्त मूल बजेटको पूर्ण उपयोगपछि नपुगेको रकम नेपाल विद्युत् प्राधिकरणले बेहोर्ने विवरण पनि उक्त विज्ञप्तिमा खुलाइएको छ ।

त्यस्तै, थपिएको उक्त बजेटलाई हाल कम्प्याक्टका लागि नेपाल सरकारको योगदानका रुपमा लिइने र कार्यान्वयन पत्रमार्फत कम्प्याक्टको सम्बन्धित अनुसूचीमा परिमार्जन गर्ने त्यसमा उल्लेख छ । "नेपाल-भारत सीमापार प्रसारणलाइन निर्माणका लागि अपुग हुने अनुमानित खर्चका लागि परिमार्जित बजेटको व्यवस्था गरी अनुसूची परिमार्जन गरिएको छ भने विद्युत् प्राधिकरणको वर्तमान तथा भावी कार्यदिशालाई ध्यानमा राखी तीनवटा सवस्टेशनमा थप बेज् जडान गरिने पनि परिमार्जित अनुसूचीमा उल्लेख छ", उक्त विज्ञप्तिमा भनिएको थियो ।

सो विज्ञप्तिमा उल्लेखित यस्तो व्यहोराबाट पछिल्लो पटक थप गरिएको छ करोड ७० लाख अमेरिकी डलर बराबरको लागत रकम हाल निर्माण प्रक्रियामा रहेको न्यूबुटवल-गोरखपुर ४०० किलोभोल्ट नेपाल-भारत अन्तरदेशीय प्रसारणलाइनको नेपालतर्फको खण्ड र तीनवटा सबस्टेशनमा क्षमता बढाउन थप रकम खर्च हुन लागेको खुल्छ । तर न्यूबुटवल सबस्टेसनदेखि भारतको सीमासम्मको प्रसारणलाइन बनाउने भनेर एमसीसी कम्प्याक्टमा पहिल्यै उल्लेख भएको शीर्षकमा थप बजेट किन चाहिएको हो स्पष्ट देखिँदैन ।

एमसिसी कम्प्याक्टको अनुसूची-१ (ख)(१) मा एमसीए-नेपालअन्तर्गत बन्ने प्रसारण लाइनबारे उल्लेख छ । नेपालभित्र डबल सर्किट ४०० किलोभोल्टको लगभग तीन सय किलोमिटर प्रसारण लाइन बनाइने कम्प्याक्टमा जनाइएको छ । काठमाडौँको लप्सिफेदीदेखि रातामाटेसम्म, रातामाटेदेखि हेटौँडासम्म, रातामाटेदेखि दमौलीसम्म, दमौलीदेखि बुटवलसम्म, र बुटवलदेखि भारतीय सीमासम्म विभिन्न पाँचवटा खण्ड (रुट) मा प्रसारणलाइन बनाइने कम्प्याक्टमा उल्लेख छ ।

अर्थात्, अहिले अतिरिक्त कामका लागि भनेर लागत थपिएको बुटवलबाट भारतीय सीमासम्मको प्रसारणलाइन बनाउने योजना साबिकको ६३ करोड अमेरिकी डलर बराबरको लागतभित्रै पर्नजान्छ । यसरी पहिल्यै लागत अनुमान गरेर कम्प्याक्टमा राखिसकेको उक्त प्रसारणलाइन खण्ड बनाउन थप बजेट छुटचाइएकोबारे बुझ्न राससले एमसीए-नेपाललाई प्रतिक्रिया मागेको थियो ।

जवाफमा एमसीए-नेपालले एमसीसी नेपाल कम्प्याक्ट कार्यक्रममा थप गरिएको रकम विद्युत् प्रसारण आयोजनाको बजेटमा गाभिने र यो बजेट नेपाल विद्युत् प्राधिकरणको आवश्यकता तथा अनुरोधअनुसार थप 'बेज' जडान गरी तीन वटा सबस्टेशनको क्षमता विस्तार गर्नका लागि प्रयोग गरिने जनाएको छ । यसरी गाभिएको भनिएको रकमलाई आयोजनाको लागत वृद्धि भएको भन्न मिल्ने हो वा होइन भन्ने राससको प्रश्नमा एमसीए-नेपालका तर्फबाट सूचना अधिकारी राजीव दाहालद्वारा प्राप्त जवाफमा पहिले तोकिएभन्दा अतिरिक्त काम गर्नुपर्ने भएपछि स्वाभाविकरुपमा लागत बढ्ने जनाइएको छ ।

"एमसिसी नेपाल कम्प्याक्ट कार्यक्रममा नेपाल सरकारको तर्फबाट थपिएको रकमबाट नेपाल विद्युत् प्राधिकरणको आवश्यकता र अनुरोधअनुसार थप बेज जडान गरी निर्माणाधीन तीन वटा सबस्टेशनको क्षमता विस्तार गर्ने अतिरिक्त काम गर्न लागिएको छ", एमसीएले भनेको छ, "पूर्वलक्षित कार्यमा अतिरिक्त कार्य थपिएपछि लागतमा पनि वृद्धि हुनु स्वाभाविक हो । तसर्थ आयोजनाको काम गर्ने दायरामा भएको वृद्धिका कारण थप लगानी गर्नुपर्ने आवश्यकता भएको भन्न मिल्छ ।"

त्यस्तै, सडक मर्मत आयोजनाको काममा पनि केही परिवर्तन गरिएको भए पनि यसले सडकसम्बन्धी समग्र कार्यको बजेटमा कुनै प्रभाव नपर्ने एमसीए-नेपालले जनाएको छ । कम्प्याक्टमा तोकिएको भन्दा अतिरिक्त हुनेगरी नेपाल विद्युत् प्राधिकरणअन्तर्गतका आयोजनाका काममा पनि बजेट खर्च हुने भएकाले लागत बढेको भन्ने एमसीए-नेपालको जवाफपछि यही विषयमा राससले प्राधिकरणको पनि प्रतिक्रिया लिएको छ ।

न्यूबुटवल-गोरखपुर प्रसारणलाइनको भारतीय सीमासम्मको १८ किलोमिटर प्रसारणलाइन पहिलो एमसिसी कम्प्याक्टमा राखिएको भए पनि बीचमा त्यो झिकिएको र पछि फेरि कम्प्याक्टअन्तर्गत नै कार्यान्वयन गर्ने निर्णय भएको नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङको भनाइ छ ।

"यो प्रसारणलाइनअन्तर्गत आफ्नो तर्फको भूभागका लागि भारतले बोलपत्र प्रक्रिया

*बाँकी तीन पृष्ठमा*

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

## एमसिसी ...

थालिसकेको थियो । तर हामीकहाँ एमसिसी सम्झौता संसद्ले अनुमोदन गर्ने वा नगर्ने भन्ने विवाद टुङ्गो लागिसकेको थिएन । त्यसकारण हामीले त्यसलाई 'डिट्याच' (एमसीसी बाट छुट्याउने काम) गरेका थियौं", घिसिङले भन्नुभयो, "संसद्ले अनुमोदन गरेपछि एमसीसी कम्याक्टअन्तर्गतका कार्यक्रमको बोलपत्र प्रक्रिया पनि अघि बढ्ने भयो । प्राधिकरणले ठेक्का लगाउँदा सानो 'कन्ट्रयाक्टर' आउने तर उहाँहरुले (एमसीए-नेपाल) ले लगाउँदा ठूलो 'कन्ट्रयाक्टर' आउँछ भन्ने भएपछि फेरि त्यसलाई एमिससीभित्रै हालिएको हो ।" यसरी पहिले कम्प्याक्टभित्रै रहेको काममा प्राधिकरणले 'स्कोप' ( अतिरिक्त काम) थपेपछि लागत बढेको उहाँको भनाइ छ ।

एमसीए-नेपालले बनाउने सबस्टेसनमा 'बे' (सर्किट जोडिने पावर लाइन) थप गरेर क्षमता बढाउनुपर्ने प्राधिकरणको आग्रहपछि यस्तो लागत थप भएको पनि घिसिङले प्रतिक्रिया दिनुभयो । "एउटै सबस्टेसनमा फरक-फरक तरिकाले काम गर्ने भन्ने हुँदैन । त्यसकारण पैसा पुगेन भने प्राधिकरणले बेहोर्ने भनिएको हो । त्यही हिसाबले टेन्डर भयो", उहाँले भन्नुभयो, "एमसीएले बनाउने सबस्टेसनमा हामीलाई अरु प्रसारणलाइन पनि जोड्नुपर्नेछ । उनीहरुले बनाएकै ठाउँमा प्राधिकरणले अर्को छुट्टै बोलपत्र गरेर जानु भन्दासँगै काम गर्नेगरी जाने भनेको हो । क्षमता विस्तारका लागि थप केही काम थपिँदा पैसा बढेको हो ।"

बुटवल सबस्टेसनदेखि भारतीय सीमासम्मको १८ किलोमिटर प्रसारणलाइनका लागि रु एकदेखि डेढ अर्ब बराबर लाग्ने अनुमान प्राधिकरणले गरेको पनि घिसिङको भनाइ छ । एमसीए-नेपालको सञ्चालक समिति सदस्यसमेत रहनुभएका ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सहसचिव मधुप्रसाद भेटवालले पनि अतिरिक्त काम थपिएकै कारण लागत बढेको र एकै ठाउँमा एउटै प्रकृतिको कामका लागि दुई निकायबीच समन्वय भएको बताउनुभयो ।

"एमसीए-नेपालले बनाउने, सबस्टेसन र प्रसारणलाइनमा नेपाल विद्युत् प्राधिकरणले बनाइरहेका अरु प्रसारणलाइन पनि जोडिन्छन् । एमसीए कम्प्याक्टमा उल्लेख भएभन्दा बढी क्षमतासहितका सबस्टेसन तयार पार्नुपर्ने आवश्यकता प्राधिकरणले देखेर यो लागत थपिएको हो", उहाँले भन्नुभयो ।

### पूर्वसर्त पूरा नहुँदै ईआइएफ घोषणाको तयारी

अर्थमन्त्रालय र एमसिसीबीच २०७४ भदौ २९ (२०१७ सेप्टेम्बर १४) मा भएको सम्झौता २०७८ फागुन १५ गतेको संसद् बैठकबाट अनुमोदन भयो । सम्झौताअनुसार ईआइएफपछि एमसिसी लागू हुने पाँच वर्षे अवधिको गणना सुरु हुन्छ । सुरुआती सम्झौतामा २०७७ असार १६ गते (२०२० जुन ३०) बाट ईआइएफ सुरु हुने भनिएको थियो । तर एमसिसी कम्प्याक्ट संसद्बाट अनुमोदन गर्ने विषय लामो समयसम्म विवादित बन्दा र कम्प्याक्ट लागू हुनुअघि पूरा गरिसक्नुपर्ने भनिएका काम समयमै नसकिँदा ईआइएफ मिति घोषणामा ढिलाइ भएको हो । ईआइएफका लागि पूर्वसर्तका रुपमा रहेको जग्गा प्राप्ति भने अझै बाँकी छ ।

एमसिसी सम्झौता ( कम्प्याक्ट) को दफा ८ मा 'सरकारले प्रस्तुत सम्झौता कार्यान्वयन गर्न आवश्यक सम्पूर्ण जग्गा अधिग्रहण, स्थलपहुँच र वन क्षेत्र प्रयोगसम्बन्धी स्वीकृतिका लागि सम्पूर्ण सम्बन्धित सरकारी निकायको पूर्ण तथा शीघ्र सहयोग समयमै तथा एमसिसीको नीति अनुकूल हुने गरी उपलब्ध भएको सुनिश्चित गर्नेछ' भनी उल्लेख छ । कम्प्याक्ट लागू हुने समयबारे राससको प्रश्नमा एमसीए नेपालले आगामी भदौभित्रै मिति घोषणा गरिने जवाफ दिएको छ ।

"एमसिसी नेपाल कम्प्याक्टलाई २०८० साल भदौमा कार्यान्वयनको चरणमा लैजाने योजना बनाइएको छ । त्यसका लागि तयारी भइरहेको छ भने निश्चित मिति छिट्टै तय गरिनेछ", एमसीए-नेपालले भनेको छ, "जग्गा प्राप्तिसम्बन्धी प्रक्रिया पर्याप्त र सन्तोषजनक रूपमा अगाडि बढिसकेको अवस्थामा ईआइएफमा प्रवेश गर्दा हुने समझदारी एमसीसीसँग भएको आधारमा ईआइएफको मिति आगामी भदौमा तय गर्न लागिएको हो ।"

एमसीए-नेपालअन्तर्गत बन्ने विद्युत् प्रसारण आयोजनाका लागि कुल एक हजार चार सय ७१ हेक्टर र नुवाकोटमा निर्माण गरिने रातामाटे सबस्टेशनका लागि करिब २० हेक्टर क्षेत्रफल जग्गा आवश्यक पर्छ । प्रसारणलाइनमा पर्ने करिब आठ सय ५६ वटा विद्युत् प्रसारण टावर बनाउन एक सय चार हेक्टर जग्गा आवश्यक पर्नेछ भने भोगाधिकार क्षेत्र अन्तर्गत एक हजार तीन सय ४७ हेक्टर जग्गा रहेको छ । सबस्टेशनका लागि चाहिने जग्गाको विवाद बाँकी रहेको र प्रसारणलाइनका लागि चाहिने जग्गाको मुआब्जा वितरणको काम अझै सुरु भइनसकेको एमसीए-नेपालको भनाइ छ ।

"पारिवारिक विवाद रहेको एक कित्ता जग्गा बाहेक रातामाटे सबस्टेशनका लागि आवश्यक सम्पूर्ण जग्गाको मुआब्जा वितरण गरिसकिएको छ । अहिले विद्युत्प्रसारण टावर निर्माणका लागि चाहिने जग्गा प्राप्ति र भोगाधिकार क्षेत्रमापर्ने जग्गासम्बन्धी प्रारम्भिक कानुनी प्रक्रिया अगाडि बढिरहेको हुनाले मुआब्जा वितरणको काम सुरु भएको छैन", उसले भनेको छ ।

प्रसारण टावर निर्माणका लागि जग्गा प्राप्तिसम्बन्धी प्रक्रिया अगाडि बढाइसकेको जनाइएको छ । आयोजनाबाट प्रभावित हुने नौ वटा जिल्लामा सम्बन्धित प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा मुआब्जा निर्धारणसम्बन्धी कानुनी प्रक्रिया सुरु भइसकेको छ ।

विद्युत्प्रसारण टावरमा पर्ने जग्गा प्राप्ति सम्पन्न भएपछि भोगाधिकारमा पर्ने जग्गाधनीलाई मुआब्जा उपलब्ध गराउने प्रक्रिया सुरु हुनेछ । जग्गा प्राप्ति ऐन, २०३४ अनुसारका सम्पूर्ण प्रक्रिया सम्पन्न भई प्राप्ति गरिने जग्गा र भोगाधिकार क्षेत्रमा पर्ने जग्गाको मुआब्जा दर निर्धारण भएपछि मात्रै मुआब्जा वितरणको प्रक्रिया सुरु हुनेछ । आयोजना प्रभावित क्षेत्रमा एक सय २२ वटा सामुदायिक र सरकारी वन क्षेत्र पर्दछन् ।

एमसिसी कार्यक्रम कार्यान्वयनका लागि सम्झौतामा हस्ताक्षर गर्ने, यो परियोजनालाई राष्ट्रिय गौरवको आयोजना घोषणा गर्ने, नियामक निकायका रुपमा विद्युत् नियमन आयोग गठन गर्ने र बुटवल-गोरखपुर प्रसारणलाइन निर्माणमा भारतको सहमति लिनुपर्ने चारवटा पूर्वशर्त पूरा भइसकेका छन् ।

### चालु आवका लागि १० अर्ब ८४ करोड बजेट

एमसीएअन्तर्गतका आयोजनामा खर्च हुने गरी चालु आर्थिक वर्षका लागि सरकारले रू १० अर्ब ८४ करोड १७ लाख बराबरको बजेट विनियोजन गरिएको छ । जसमध्ये विद्युत् प्रसारण आयोजनातर्फ रू आठ अर्ब ७७ करोड ६३ लाख ६६ हजार, सडक मर्मत आयोजनातर्फ रू एक अर्ब ५० करोड ७६ लाख ५३ हजार, अनुगमन तथा मूल्याङ्कनतर्फ २१ लाख ९३ हजार, कार्यक्रम प्रशासनतर्फ रू ५५ करोड ५४ लाख ८८ हजार बराबर विनियोजन गरिएको छ । एमसीए-नेपालको स्वीकृत दरबन्दी ६६ वटा हो । गत असार २१ गतेसम्ममा ६१ वटा पदपूर्ति भएको र पाँच वटा पदपूर्तिको विभिन्न प्रक्रियामा छन् ।

## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने ।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ । तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने ।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने ।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने ।
५. उपचारको ब्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने ।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने ।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने ।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने ।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने ।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने ।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : राजविराज दैनिक**

## विश्व समाचार

### नब्बे हजार श्रीलङ्काली खडेरीको चपेटामा

कोलम्बो, २१ साउन (रासस/सिन्ह्वा) ।

नब्बे हजारभन्दा बढी श्रीलङ्काली खडेरीको चपेटामा परेका देशको विपद् व्यवस्थापन केन्द्रले बताएको छ । पूर्वी, उत्तरपश्चिमी र उत्तरी प्रान्तका साथै सम्बारगमुवा प्रान्त खडेरी परेको केन्द्रले आइतबार बताएको हो ।

सत्ताइस हजार आठ सय ८५ परिवारका ९० हजारभन्दा बढी सदस्य खडेरीबाट पीडित भएका छन् । एक्काइस हजार परिवारका करिब ७० हजार सदस्य उत्तरी प्रान्त जाफ्नामा प्रभावित भएका केन्द्रले जनाएको छ ।

वर्षा याममा पानी नपर्दा तथा मौसमी वर्षा पनि नहुँदा धेरै श्रीलङ्काली खडेरीको चपेटामा परेका हुन् । खडेरीका कारण कृषि उत्पादन नहुँदा देशले खाद्य सङ्कट झेल्दै आएको छ । गत वर्ष विश्व खाद्य कार्यक्रम (डब्ल्युएफपी)ले ३० लाख सर्वसाधारणलाई खाद्यान्न वितरण गरेको थियो । यो वर्ष करिब ४० लाख श्रीलङ्कालीलाई यस्तो सहायता आवश्यक पर्ने अनुमान डब्ल्युएफपीले गरेको छ ।

दश लाख बालबालिकाले विद्यालयमा खाजासँगै अध्ययन गरेका छन् । डब्ल्युएफपीले देशका नौ जिल्लामा विद्यालय खाजा कार्यक्रम कार्यान्वयन गरेको छ । विद्यालय खाजा कार्यक्रमअन्तर्गत स्कूलहरूमा चामल वितरण गरिएको थियो । एक्काइस प्रतिशत श्रीलङ्काली सन्तुलित भोजनबाट वञ्चित छन् ।

जग्गा भाडा, श्रमशक्ति, इन्धन, कृषि सामग्री र ऋण भुक्तानीमा भएको उच्च खर्चका कारण कृषि गतिविधिमा संलग्न घरपरिवारको ज्यादै घटेको छ । सामाजिक सुरक्षा, निवृत्तिभरण र मानवीय सहायतामा भर परेका परिवारहले गत वर्षको तुलनामा यो वर्ष आम्दानी स्थिर रहेको बताएका छन् । अदक्ष श्रम, कृषि, निवृत्तिभरणमा निर्भर परिवारको अनुपात बढेको छ ।

### बङ्गलादेशमा चौसट्ठी हजार डेङ्गुका बिरामी

ढाका, २१ साउन (रासस/सिन्ह्वा) ।

लामखुट्टेको टोकाइबाट हुने घातक रोग डेङ्गु लागेर बङ्गलादेशमा तीन सय तीन जनाले ज्यान गुमाएका छन्भने ६४ हजार बिरामी भएका छन् ।

शनिबार थप १० जनाको मृत्यु भएको र दुई हजार चार सय ९५ जना बिरामी थपिएका स्वास्थ्य मन्त्रालयले जनाएको छ । स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयअन्तर्गतको स्वास्थ्य सेवा महानिर्देशनालयका अनुसार यस वर्ष हालसम्म देशमा पुष्टि भएका बिरामीको सङ्ख्या ६४ हजार पुगेको छ । डेङ्गु लागेर तीन सय तीन जनाले ज्यान गुमाएका छन् ।

दक्षिण एसियाली देश बङ्गलादेशमा गत महिना डेङ्गुबाट पीडित हुने र ज्यान गुमाउनेको सङ्ख्या अत्यधिक रहको महानिर्देशनालयले जनाएको छ । गत महिना दुई सय चार जनाको मृत्यु भयोभने ४३ हजार आठ सय ५४ जना नयाँ बिरामी थपिएका थिए ।

### एकैपटक पाँच सय आठ रेल बिसौनीको शिलान्यास

नयाँदिल्ली, २१ साउन (रासस/एएनआई) ।

प्रधानमन्त्री नरेन्द्र मोदीले पाँच सय आठ वटा रेल बिसौनी पुनर्निर्माण एवम् विकास परियोजनाको शिलान्यास गर्नुभएको छ ।

भिडियो कन्फरेन्समार्फत अमृत भारत स्टेशन योजनाअन्तर्गत २५ हजार करोडका ती विशाल परियोजनाको उहाँले शिलान्यास गर्नुभएको हो । आइतबार शिलान्यास गरिएका रेल बिसौनीमा केन्द्रीय मन्त्री तथा सम्बन्धित राज्यका मुख्यमन्त्री एवम् राज्यपालहरूको उपस्थिति थियो । रेल बिसौनी देशका २७ राज्य र केन्द्र शासित प्रदेशमा फैलिएका छन् ।

त्यस अवसरमा मन्तव्य व्यक्त गर्दै प्रधानमन्त्री मोदीले विश्वस्तरीय सुविधायुक्त रेल सेवा सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गर्नका साथै विपक्षीहरूको आलोचना पनि गर्नुभयो । देश विकासका काममा आफू पनि नलाग्ने अनि अरुलाई पनि लाग्न नदिने प्रतिपक्षीले विरोध गर्दैमा आफू विचलित नहुने उहाँले बताउनुभयो ।

"देशले आधुनिक संसद् भवन बनाएको छ, संसद् देशको लोकतन्त्रको प्रतीक हो । यसमा सत्तापक्ष र प्रतिपक्षको प्रतिनिधित्व छ तर विपक्षीले नयाँ संसद् भवनको विरोधमात्र गरेन उद्घाटन कार्यक्रमलाई बहिष्कार गऱ्यो ।

हामीले कर्तव्य मार्गको पुनर्विकास गर्यौं तर उहाँहरूले त्यसको पनि विरोध गर्नुभयो," विपक्षी राजनीतिक दलका नेताले नकारात्मकबाट माथि उठेर सकारात्मक राजनीतिको बाटोमा अगाडि बढ्नुपर्ने सुझाउँदै भन्नुभयो ।

विरोधमात्र गर्ने विपक्षीहरूलाई लज्जा महसुस नभएको भन्दै प्रधानमन्त्रीले थप्नुभयो "सत्तरी वर्षसम्म उनीहरूले केही गरेनन् , देशका वीर शहीदहरूको सम्मानमा युद्ध स्मारक पनि बनाएनन् । हामीले राष्ट्रिय युद्ध स्मारक बनायौं, तिनीहरूले त्यसको पनि आलोचना गर्न पछि परेका छैनन् ।

राष्ट्रिय एकताका प्रतिमूर्ति सरदार वल्लभभाई पटेलको संसारको सबैभन्दा अग्लो भवन बनायौं, त्यसमा प्रत्येक भारतीयलाई गर्व छ तर केही राजनीतिक दलका ठूला नेताहरूमध्ये कसैले पनि उक्त मूर्ति भएको स्थानको भ्रमण गरेनन् ।"

# समाचार संकलनमा रोक लगाएको भन्दै महासंघको गम्भिर ध्यानकर्षण

**दैनिक समाचारदाता**
**राजविराज, २१ साउन ।**

जिल्ला प्रशासन कार्यालय सप्तरीले समाचार संकलनमा पत्रकारलाई आइतबार रोक लगाएको भन्दै नेपाल पत्रकार महासंघ सप्तरीको गम्भिर ध्यानाकर्षण भएको जनाएको छ ।

महासंघका सचिव रामनारायण विश्वासद्वारा जारि विज्ञप्तिमा जनमत पार्टीको तर्फबाट नेताहरु ज्ञापन बुझाउन प्रमुख जिल्ला अधिकारीको कार्यकक्षमा जाँदा त्यसको रिपोर्टिङ गर्न गएका पत्रकार बृजमान तामाङसहितकालाई सुरक्षाकर्मीले भित्र जान नदिएकोप्रति गम्भिर ध्यानाकर्षण भएको जनाइएको छ ।

जारि विज्ञप्तिमा समाचार सकंलनका क्रममा पत्रकार तामाङलाई सुरक्षाकर्मीले रोकेको जानकारी तत्काल प्रमुख जिल्ला अधिकारी भूपेन्द्र थापालाई गराएपनि भित्र छिर्न नदिएको जनाइएको छ ।

विज्ञप्तिमा भनिएको छ, "रिपोर्टिङका लागि खटिनु पत्रकारको दायित्व हो । यसमा अवरोध सृजना गर्नु प्रेस स्वतन्त्रताविरुद्धको ठाडो हस्तक्षेप हो । मुलुकमा संघीय गणतन्त्र आइसकेको अवस्थामा पनि पंचायतकालिन शैलीमा प्रहरी, प्रशासनले व्यवहार देखाउनु र पत्रकारलाई आफ्नो काम गर्नबाट रोक्नु खेदजनक कार्य हो । हामी यसको भर्त्सना गर्दछौं ।"

साथै विज्ञप्तिमा आगामी दिनमा प्रेस स्वतन्त्रताविरुद्धका कुनै पनि काम नगर्न प्रहरी प्रशासनलाई सचेत गराउँदै यस किसिमको काम पुनः दोहोरिएमा नेपाल पत्रकार महासंघ चुप लागेर नबस्ने जनाइएको छ ।

# रोग नियन्त्रका लागि रुपनीमा जनचेतनामूलक अभियान चलाईने

**दैनिक समाचारदाता**
**राजविराज, २१ असार ।**

सप्तरीको रुपनी गाउँपालिकाले आँखा पोल्ने रोग नियन्त्रण तथा डेंगुको रोकथामका उपाय बारे सरोकारबालासंग छलफल गरेको छ ।

गाउँपालिकाका अध्यक्ष दिनेशकुमार यादवले आईतबार आँखा पोल्ने रोग केही वडामा फैलिएको र डेंगुको प्रकोप बढ्दै गएकोले यसका उपायबारे सरोकारबालाहरुसंग छलफल गरेको हो ।

छलफलमा सरोकारबालाहरुले जनप्रतिनिधि, स्वास्थ्यकर्मी, स्वयंसेविका र स्थानिय बुद्धिजिवीहरुको सहभागितामा प्रत्येकवडामा जनचेतनामूलक कार्यक्रम संञ्चालन गर्न सुझाव दिएका छन् ।

उनीहरुले आँखा पाक्ने रोगका संक्रमितलाई स्वास्थ्य चौकी मार्फत समयमै औषधि उपलब्ध गराउन र डेंगु रोग लाग्न नदिन सरसफाई आवश्यक भएकोले सोका लागि जनचेतनामूलक अभियान चलाउनुपर्नेमा जोड दिए ।



रुपनी गाउँपालिकाका अध्यक्ष दिनेशकुमार यादव

गाउँपालिका अध्यक्ष यादवले सरोकारबालाहरुले दिएका सुझाव अनुसार पत्येक वडामा प्रचारप्रसार संगै चेतना जगाउने कार्य गरिने बताए । उनले छिट्टै वडा स्तरमा टोल गठन गरेर अघि बढ्ने जानकारी दिए । छलफलमा स्वाथ्यकर्मी, जनप्रतिनिधि, पत्रकार तथा बुद्धिजिवीहरुको सहभागिता थियो ।

यसैबीच गाउँपालिकाले किसानलाई सुपथ मूल्यमा मलखाध उपलब्ध गराउन दररेट निर्धारण गरेको छ । डिएपी प्रतिबोरा रु दुईहजार पाँचसय, युरिया एक हजार र पोटास एक हजार आठ सय निर्धारण गरेका छन् । त्यस्तै खुद्रा प्रतिकिलो डिएपी रु ५१, युरिया रु २१ र पोटास रु ४० प्रतिकिलो निर्धारण गरिएको रुपनी गाउँपालिका कृषि शाखाले जनाएको छ ।

# न्यायाधीशका पिएसओको पेस्तोल चोरी गर्ने दुई पक्राउ

काठमाडौँ, २१ साउन (रासस) ।

सर्वोच्च अदालतका न्यायाधीश नहकुल सुवेदीका निजी सुरक्षा अधिकृत (पिएसओ) प्रभाकर खड्काले प्रयोग गर्ने पेस्तोल चोरी गरेको आरोपमा दुई जनालाई प्रहरीले पक्राउ गरेको छ ।

जिल्ला प्रहरी परिसर काठमाडौँका प्रहरी उपरीक्षक कुमोद ढुङ्गेलका अनुसार दुई व्यक्तिलाई पक्राउ गरी पेस्तोल र त्यसमा लाग्ने गोलीसमेत बरामद गरिएको छ । गत असार ३० गते चोरी भएको पेस्तोलसहित बौद्धबाट सिन्धुपाल्चोक घर भएका वासुदेव थामी र सिन्धुलीका मेघबहादुर तामाङलाई पक्राउ गरिएको उहाँले बताउनुभयो । सुरुमा मेघबहादुरको कोठाबाटै पेस्तोल बरामद गरी उनलाई पक्राउ गरिएको र उनको बयानका आधारमा चोरीमा संलग्न देखिएपछि थामी पक्राउ परेका थिए ।

घरको कोठामा पेस्तोल राखिएको झोलासहित झ्चालबाट अङ्कुसे लगाएर चोरी भएको थियो । त्यसलगत्तै खड्काले पेस्तोल चोरी भएको भनी प्रहरी वृत्त बौद्धमा जाहेरी दिएका थिए । सोही आधारमा खोजतलासका क्रममा पेस्तोल बरामद गरी उनीहरुलाई पक्राउ गरिएको परिसरका प्रवक्तासमेत रहनुभएका प्रहरी उपरीक्षक ढुङ्गेलले बताउनुभयो । उहाँका अनुसार उक्त घटनाको थप अनुसन्धान भइरहेको छ ।

नेपाल सरकार
भूमिव्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालय
भूमि व्यवस्था तथा अभिलेख विभाग

## भूमि सुधार तथा मालपोत कार्यालय, राजविराज सप्तरी

(भूमिसुधार खाखा)

विषय :- सूचना । सूचना ॥ सूचना ॥

उपरोक्त विषयमा जिल्ला गा.वि.स.पथरगाढा वडा नं.७ हाल डाक्नेश्वरी नगरपालिका वडा नं. ९ वस्ने असर्फि सरदारको छोरा विश्वनाथ सरदारको नाममा दर्ता कायम रहेको जिल्ला सप्तरी गा.वि.स.वसवलपुर वडा नं.५ क को कि.न.१६९ ज वि ०-४-० र ऐ ऐ वडा ५ क को कि नं.१९९ को ज वि ०-३-० समेत जग्गाको मोही महलमा जिल्ला सप्तरी गा.वि.स.वसवलपुर वडा नं.६ हाल शम्भुनाथ नगरपालिका वडा नं.९ वस्ने झवर सरदारको छोरा गंगाई सरदार रहेको निज मोही गंगाई सरदार परलोक भएको निज मोहीको पत्नी समेत निकै अघि परलोक भएको निजको छोरा नातीहरु कोही नभएको उक्त जग्गा म निवेदकले २०५३ साल र २०५५ सालमा खरिद गरेको सोही साल देखि आफनो श्रमले पोखरी खनी आएको छु । एक प्रकार एवं प्रकार निवेदकको दावी बमोजिम जग्गाको मोही मृत्यु पश्चात हाल सम्म कसैले जग्गामा आएको छैन । नियमित रुपमा जग्गाधनीले नै भोगचलन गरि आएको हुदा यसमा जे जो गर्नूपर्ने तथा मोही हक दावीको सुचना निकाली कार्यालयबाट विवादित जग्गामा मोही सर्जमिन बुझनु पर्ने भए सो समेत बुझि उक्त दर्ता मोहीको नाम कट्टा गरि पाउँ । उक्त दावी वमोजिम जग्गाको मोही नहुदा जग्गा धनी स्वयंमलेभोग चलन गरि आएको हुदा दर्ता मोही लगत कट्टक गरि पाउँ भनी निवेदन दर्ता गराउनु भएकोले निज मोही वा मोहीको भुमि सम्बन्धि ऐन २०२१ को आठौं संशोधन २०७६ को दफा २६ (१) बमोजिम निज मोहि मुलुकि देवानी कार्यविधी संहिता ऐन २०७४ को दफा २३९ बमोजिम अपुताली पाउने कोही हकदार छ छैन भनी यो सुचना प्रकाशित गरिएको छ । निज मोही वा एन दफा २६ (१) बमोजिम मोहीको अपुताली पाउने हकवाला हकदार कोही भए यो सुचना टाँस भएको मितिले ३५ दिन भित्र सवुत प्रमाण लिई हाजीर हुन आउनु होला । सो म्याद भित्र हाजिर नभए म्याद गुजारी वसेका नियमानुसार मोहि लगत कट्टा भई जाने व्यहोरा समेत यसै सुचना द्वारा जानकारी गराइन्छ । पछि तपाईको उजुर वाजुर लाग्ने छैन भनी मिति २०७८/१/२२ गतेको आदेशानुसार यो सुचना प्रकाशित गरिएको छ ।
इति सम्वत २०८० साल साउन १ गते रोज १ शुभम्

**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**

**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**

## बाढी/पहिरोबाट सतर्क रहौं ।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**जनहीतका लागि : राजविराज दैनिक**

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*